# वन तथा भू-संरक्षण मन्त्रालय

मन्त्रालय र मातहतसमेत १८६ कार्यालयको विनियोजन रु.१० अर्ब १४ करोड २ लाख, राजस्व रु.१ अर्ब १२ करोड ३८ लाख, धरौटी रु.१ अर्ब ५६ करोड ७८ लाख र अन्य कारोबार रु.९ करोड ३५ लाखसमेत रु.१२ अर्ब ९२ करोड ५३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था १, अन्य संस्था ८ र समिति ३१ को रु.३ अर्ब ९५ करोड ३५ लाख कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** – विगतका प्रतिवेदनमा वृक्षारोपण संरक्षणको लागि आवश्यक व्यवस्था नगरेको, सामुदायिक वन विकास र संरक्षण कार्यमा भएको खर्चको जिल्लागत एवं केन्द्रीय अभिलेख नराखेको, हस्तान्तरित सामुदायिक वनको नियमित अनुगमन गरी प्रतिवेदन प्राप्त नगरेको प्राविधिक सहायताको लेखापरीक्षण नगराएको व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने व्यवस्था मिलाउनु पर्दछ ।

२. **वन अतिक्रमण** – बढ्दो अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ र वन क्षेत्र सुरक्षा योजना, २०७० तर्जुमा गरी कार्यान्वयनमा ल्याएको भएतापनि यो वर्ष सम्म ६२ जिल्लाका ७४० स्थानमा १ लाख २१ हजार २३४ घरधुरीले ९४ हजार २३३ हेक्टर वन र ६ राष्ट्रिय निकुन्ज तथा आरक्षको ३ हजार ८७६ हेक्टर जमिन अतिक्रमण गरी ३० हजार १९४ घर टहरा निर्माण गरेको पाइयो ।

यस वर्ष राष्ट्रिय वनतर्फ २४ जिल्लामा ७०५ हेक्टर अतिक्रमण हटाउने लक्ष्य रहेकोमा २१ जिल्लाको ६८० हेक्टर अतिक्रमण मुक्त गर्न रु.२ करोड ९० लाख खर्च गरेको छ । अतिक्रमण भएको क्षेत्रको ०.७४ प्रतिशतमात्र हटाउने लक्ष्य निर्धारण गरेकोले लक्ष्य नै न्यून रहेको देखिन्छ । अतिक्रमण हटाउने कार्यमा उल्लेख्य प्रगति गर्नुपर्दछ ।

## वन विभाग

३. **वन क्षेत्रको जग्गा प्रयोग** – मन्त्रिपरिषद्को निर्णयअनुसार विभिन्न जिल्लाको ३५८ स्थानमा १४ हजार २८ हेक्टर वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१. राष्ट्रिय वनको झाडी बुट्यान, अतिक्रमणकारीबाट फिर्ता लिएको वन, वन क्षति भई पुनःउकास भएको क्षेत्र, २० प्रतिशतभन्दा कम क्राउन कभर भएको वन र भू-संरक्षण हिसावले संवेदनशील क्षेत्र इच्छुक संस्था वा उद्योगलाई प्रस्ताव आह्वान गरी कबुलियति वनको रुपमा दिन सकिने वन नियमावली, २०५१ को नियम ३९(क) को व्यवस्था विपरित वन विभागले बिनाप्रतिस्पर्धा ५ हजार ६० हेक्टर वन क्षेत्र विभिन्न संघ संस्थालाई उपलब्ध गराएको छ ।

३.२. वन क्षेत्रको १४ हजार २८ हेक्टर जग्गा विभिन्न ३४७ संघ संस्थालाई उपलब्ध गराएकोमा वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराउने कार्यविधि, २०६३ बमोजिम वृक्षारोपण गरेको पाइएन । वन विभागले यसरी उपलब्ध गराएको जग्गाको अभिलेख पनि राखेको छैन । कार्यविधिबमोजिम वृक्षारोपण गर्न लगाउनुपर्दछ ।

३.३. चन्द्रागिरी डाँडाको ३६ हेक्टर वन क्षेत्रमा केबुलकार निर्माण गर्न प्रति हेक्टर रु.५ हजारका दरले प्रतिवर्ष रु.१ लाख ८० हजार दस्तुर प्राप्त गर्ने गरी एक व्यवसायीलाई लिजमा दिएको पाइयो । सो अनुसार उक्त जग्गाको दस्तुर प्रति वर्ष प्रतिरोपनी रु.२५३।८० पर्ने देखिन्छ । नेपाल ट्रष्टको कार्यलयले गोकर्ण वन क्षेत्रको जग्गा एक व्यवसायीलाई प्रतिरोपनी प्रतिवर्ष रु.६ हजार ४०७।२७ का दरले लिजमा उपलब्ध गराएको हुँदा गोकर्ण वन क्षेत्रको जग्गाको तुलनामा पनि चन्द्रागिरीको वनक्षेत्रको उपयोग गर्न दिएबापत राज्यले प्राप्त गर्ने रकम प्रतिरोपनी रु.६ हजार १५३।४७ का दरले ३६ हेक्टरको प्रतिवर्ष रु.४३ लाख ६४ हजार घटी हुन आउँछ । अतः वन नियमावली अनुसार प्रस्ताव आह्वान गरी प्रतिस्पर्धा गराएर मात्र वन क्षेत्र लिजमा दिनुपर्दछ ।

उक्त व्यवसायीलाई ३६ हेक्टर वन क्षेत्र उपलब्ध गराएको मध्ये मन्त्रिपरिषद्ले ५ हेक्टरमा मात्र भौतिक संरचना निर्माण गर्न स्वीकृति दिएकोमा ५.८६ हेक्टरमा संरचना निर्माण गरेको व्यहोरा जिल्ला वन कार्यालयको निरीक्षण प्रतिवेदनमा उल्लेख छ । वन्यजन्तुको वासस्थान एवं आहार विहारमा पर्ने असर न्यूनीकरण गर्न वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गर्दा शर्त राखेकोमा उक्त शर्तको सम्बोधन गरेको पाइएन । स्थलगत निरीक्षण गर्दा निर्माणाधीन संरचनाबाट निस्किएका ढुङ्गा, माटो वातावरणमैत्री रुपमा व्यवस्थापन गरेको देखिएन । उल्लेखित व्यहोरा अनुगमन गरी सुधार गर्नुपर्दछ ।

४. **काठ दाउरा –** विभागबाट प्राप्त विवरणअनुसार तराई तथा भित्रीमधेशस्थित २६ जिल्लाका जिल्ला वन कार्यालय, दि टिम्बर कर्पोरेसन र वन पैदावार आपूर्ति समितिको काठ दाउराको स्थिति निम्नानुसार छः

(काठको परिमाण घनफिटमा)

| गत वर्षको मौज्दात | | योवर्षकोसङ्कलन | | जम्मा | | बिक्री | | बाँकी | |
|---|---|---|---|---|---|---|---|---|---|
| काठ | दाउरा (चट्टा) | काठ | दाउरा (चट्टा) | काठ | दाउरा (चट्टा) | काठ | दाउरा (चट्टा) | काठ | दाउरा (चट्टा) |
| ६३२७०२ | ७३४ | ११०३४११ | १५२९ | १७३६११३ | २२६३ | ६८६७१२ | १२१६ | १०४९४०१ | १०४७ |

४.१. गतवर्ष उपलब्ध गराएको विवरणभन्दा यो वर्ष १३ लाख ४० हजार ६८३ घनफिट काठ र २७३ चट्टा दाउरा घटी जिम्मेवारी देखाएकोमा सोको पुष्ट्याई उल्लेख गरेको छैन । विभागले २०६६।६७ देखि काठको मौज्दात गलत समावेश भएको उल्लेख गरेको छ । आर्थिक वर्ष २०७१।७२ को लिलामको औषत मूल्य प्रति घनफिट रु.८५९।- लाई आधार मान्दा १३ लाख ४० हजार ६८३ घनफिट काठको रु.१ अर्ब १५ करोड १६ लाख र दाउरा प्रतिचट्टा रु.४ हजारलाई आधार मान्दा २७३ चट्टा दाउराको रु.१० लाख ९२ हजार समेत रु.१ अर्ब १५ करोड २६ लाख ९२ हजार घटी मौज्दात सारेको देखिन्छ । घटी मौज्दात सम्बन्धमा छानविन हुनुपर्ने देखिन्छ ।

४.२. यो वर्ष ६ लाख ८६ हजार ७१२ घनफिट काठ तथा १२१६ चट्टा दाउरा बिक्री गरी रु.५२ करोड ९ लाख ५ हजार राजस्व सङ्कलन गरेकोमा काठ दाउराको ग्रेड र प्रजाति खुलाएको देखिएन । अतः प्रजाति र ग्रेड खुलाई वन पैदावारको लगत दुरुस्त राख्नुपर्दछ ।

४.३. सङ्कलन गरी घाटगद्दी गरेका काठ दाउरा समयमै बिक्री वितरण नभएको कारण प्राप्त विवरणअनुसार रु.५ करोड ६३ लाख २८ हजार मूल्यका ६५ हजार ५७४ घनफिट काठको हैसियत बिग्रेको देखिन्छ । समयमै लिलाम बिक्री गरी काठको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

५. **काठको प्रयोग र पैठारी -** वन ऐन २०४९ को दफा २०(१) बमोजिम सरकारद्वारा व्यवस्थित बनको व्यवस्थापनको लागि विभागले कार्य योजना तयार गरी स्वीकृतीको लागि मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५.१. विभागले राष्ट्रिय वन पैदावारको उपभोग, निकासी एवं ओसारपसारसम्बन्धी कार्य योजना तयार गरी मन्त्रालयबाट स्वीकृत गरेको देखिएन । कार्य योजना बेगर वन विभागले ८ लाख ५० हजार ९२८ घ.मि.काठ आयातको स्वीकृति दिएको छ । विभागले काठको राष्ट्रिय माग एवं आपूर्तिको विश्लेषण गरी कार्ययोजना तयार गर्नुपर्दछ ।

५.२. वन क्षेत्रको रुख पत्ल्याउने, काट्ने, गोडमेल गर्ने, प्रजाती छुट्याउने कार्य गरी १५ जिल्लाका सरकारी व्यवस्थित वनतर्फ १ हजार ६४२ र साझेदारी वनतर्फ ५ लाख १४ हजार ८८० हेक्टरको वैज्ञानिक वन व्यवस्थापन गर्न ५ देखि १० वर्षे कार्य योजना स्वीकृत भएको छ । गत वर्ष ११ जिल्लाका ६२० हेक्टर वनको वैज्ञानिक व्यवस्थापन गर्ने लक्ष्य तोकेकोमा ३०० हेक्टरमा शुरुआतसम्म भएको देखिन्छ । वैज्ञानिक वन व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

५.३. वन पैदावारको सहज आपूर्तिको व्यवस्था मिलाउनुका साथै वन पैदावार प्राधिकरण स्थापना गर्न आवश्यक ऐन तर्जुमा गरी संरचना तयार गर्ने त्रिवर्षीय योजनामा उल्लेख भएपनि हालसम्म प्राधिकरण स्थापना भएको पाइएन ।

६. **वन दस्तुर -** जिल्ला वन कार्यालय काठमाडौं र सुनसरीले पर्यापर्यटन वनजन्य उद्योग आदिको लागि ९ व्यवसायीलाई ३१८.७७ हेक्टर वन क्षेत्र उपलब्ध गराएकोमा वन निमायवली, २०५० को नियम ४९ को अनुसूची २० बमोजिम लाग्ने दस्तुर रु.१६ लाख २ हजार असुल गरेका छैनन् । उक्त दस्तुर असुल गर्नुपर्दछ ।

७. **खोटो सङ्कलन -** खोटो सङ्कलन निर्देशिका, २०६४ अनुसार बैतडी, डोटी, डडेलधुरा र अछाममा कार्य सञ्चालन नभएको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७.१. खोटो सङ्कलनका लागि कैलालीस्थित एक प्रा.लि.सँग प्रतिस्पर्धा बेगर सीधै १० वर्षको लागि सम्झौता गरेकोमा सो सम्झौताको म्याद २०७३।११।१४ मा सकिएकोमा पुन: ७ वर्ष थप गरेको छ । सम्झौतामा टेपिंग गर्न पाएका क्षेत्रमा आगलागी हुन नदिने सम्पूर्ण जिम्मेवारी सङ्कलनकर्ताको हुने, तीन वर्षभित्र खोटो सङ्कलन गर्न वातावरण संरक्षण ऐन, २०५३ को प्रक्रिया अपनाई वातावरण प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी स्वीकृतिको लागि पेश गर्नुपर्ने, जिल्ला वन कार्यालय र प्रा.लि.ले करारनामाबमोजिम गरेको कामहरुको कम्तीमा वर्षमा दुई पटक अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख गरेपनि सम्झौताबमोजिमका कामहरु भएका छैनन् । सम्झौताको पालना हुनुपर्दछ ।

७.२. प्रतिस्पर्धात्मक तरिकाले खोटो सङ्कलन कार्य नभएको कारण सबै व्यवसायीले रु.८।- प्रति के.जी.का दरले रोयल्टी बुझाएका छन् । जुन दर समय सापेक्ष रुपमा पुनरावलोकन भएको समेत छैन ।

७.३. खोटो सङ्कलन निर्देशिकाअनुसार प्रति हेक्टर न्यूनतम ५ माउ रुख रहनुपर्ने, ती माउ रुखको छाती ३० से.मी.भन्दा बढी व्यास भएको हुनुपर्नेमा अधिकांश खोटो संकलित जंगलमा यी प्रकृयाहरु पुरा नगरेको, रुखको भित्री रेसालाई नबिगारी खोटो सङ्कलन गरी रुखलाई मर्न एवं अन्य रोगबाट बचाउन निरोधात्मक उपायहरुको अवलम्बन गर्नुपर्नेमा गरेको छैन । रुखमा निश्चित आकारमा वोक्रा तासेर खोटो सङ्कलन गर्नुपर्नेमा गहिरो घाउ पारेकोले रुख मर्न थालेको र धोत्रोपना आएको, खोटो अत्याधिक प्रज्वलनशील पदार्थ भएको र सफा नगरेको कारणले डडेलोले खोटोमा आगो सल्की अधिकांश रुखको डायमिटर जली सकेको र रुख सुकेको पाइयो । रुखको क्षमताअनुसार ताछेर खोटो निकाल्नुपर्नेमा सल्फ्युरिक एसिडको मात्रा बढाई एकै पटक बढी खोटो सङ्कलन गरी रुखमा रोग लागेको कारणले काठसमेत सडी भूसमा परिणत भएको पाइयो । नियमित अनुगमन गरी उल्लिखित अवस्थामा सुधार गर्नुपर्दछ ।

## समिति तथा संगठित संस्था

### राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

८. **समितिको कार्य -** समितिमा यो वर्ष रु.१४ करोड ११ लाख २९ हजार विनियोजन भएकोमा रु.१२ करोड ७३ लाख ७३ खर्च भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

८.१. चुरे क्षेत्रको प्राकृतिक स्रोत साधनको संरक्षण, प्रवर्द्धन र उपयोगलाई व्यवस्थित गरी चुरे विनाशको वर्तमान अवस्थामा सुधार गर्ने र चुरे विनाशबाट सिर्जित भएका वा हुन सक्ने सम्भावित नकरात्मक असरलाई समेत न्यूनीकरण गर्ने उद्देश्यले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति (गठन) आदेश २०७१, अनुसार यो समिति गठन भएको हो । विद्यमान जैविक विविधताको संरक्षण गर्ने, चुरेमा आश्रित नागरिकको वन पैदावार माथिको निर्भरतालाई व्यवस्थित गर्ने, आय आर्जन र विकास निर्माणका कार्यक्रममार्फत नागरिकको जीवनस्तरमा सुधार गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने भूमिका समेत समितिलाई दिएको छ ।

८.२. समितिको कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार कार्यक्रमको मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण र उपलब्धी मूल्याङ्कन सूचकसहित केन्द्रीय तहबाट समेत अनुगमन गरी पेश गर्नुपर्ने व्यवस्था छ । तर समिति र त्यस अन्तर्गतका साझेदारी निकायबाट हालसम्म रु.२ अर्ब ९३ करोड ३० लाख ९ हजार खर्च भएकोमा भौतिक प्रगति देखिने गरी एकीकृत प्रगति विवरण तयार गरेको छैन । योजना आयोगबाट निर्धारित ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ ।

८.३. समितिले रु.२ करोड ३९ लाख ११ हजार खर्च गरी तयार गरेको गुरुयोजना स्वीकृत भएको छैन । गुरुयोजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

## द टिम्बर कर्पोरेसन अफ नेपाल लिमिटेड (२०७१।७२)

९. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा –** कर्पोरेसनको यस वर्षको पुँजी कोष रु.१ करोड ६१ लाख जगेडा कोष रु.३६ करोड ८० लाख, सञ्चित नोक्सानी रु.९ करोड, स्थिर सम्पत्ति रु.१९ करोड ६१ लाख, खुद चालु सम्पत्ति रु.९ करोड ७९ लाख र नेटवर्थ रु.२९ करोड ४० लाख रहेको छ । गत वर्षसम्मको सञ्चित नोक्सान रु.९ करोड रहेकोमा यो वर्ष रु.४ करोड नाफा भई सञ्चित नोक्सानी रु.९ करोड पुगेको छ ।

१०. **आन्तरिक नियन्त्रण व्यवस्था –** यस सम्बन्धमा देखिएकाव्यहोराहरु देहायअनुसार छन्:

१०.१. सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को प्रावधान तथा प्रक्रिया अनुरुप लागत मोलको अनुमान, बजार मूल्य, किक्रेता वा सेवाप्रदायकको पूर्वयोग्यता निर्धारण तथा पहिचान गरी राष्ट्रिय पत्रपत्रिकमा ३० दिने बोलपत्र आह्वानको सूचना प्रकाशित गरी  गोलिया काठ दाउराको कटान, मुछान, घाट गद्दी गराउने तथापोलको आपूर्ति गराउनुपर्नेमा सो कानुनको प्रावधानअनुरुपको आपूर्तिको लागि ३० दिने बोलपत्रको सूचना प्रकाशित गरी वोलपत्र आह्वान गरिए तापनि सो बोलपत्रको सूचनाअन्तर्गतका परिमाणलाई स-साना टुक्रामा विभाजन गरी काठको कार्य नै नगर्ने बिक्रेता वा आपूर्तिकर्तालाई बोलपत्रहरु बिक्री गरी २०७२।७३ मा रु.२ करोड ७० लाखको ५ लाख ७२ हजार  क्यू.फि. गोलिया काठ, रु.२ करोड ४५ हजारको चट्टा र ७ हजार क्विन्टल दाउरा तथा रु.८ लाखको ४०७ थान पोल खरिद गरी जम्मा रु.५ करोड २३ लाखको भुक्तानी गरेको छ । त्यस्तै गोलिया काठ कम्पनीकै चिरान मिलबाट खर्च व्यहोर्ने गरी चिरान गराउने उद्देश्यले केही अर्धदक्ष कामदारको सेवा आपूर्तिको लागि राष्ट्रिय पत्रपत्रिकामा ३० दिने बोलपत्र आह्वानको सूचना प्रकाशित गरी काठ चिरानको परिमाणलाई स-साना  टुक्रामा विभाजन गरी चिरानको काम नगरेको व्यवसायीलाई बोलपत्रमा प्रकाशित परिमाणभन्दा धेरै कम परिमाणको ठेक्का सम्झौता गरी रु.४४ लाख ३१ हजारको चिरान ज्याला खर्च भुक्तानी गरेको कानुनसम्मत देखिएन ।

१०.२. कम्पनीको प्रवन्धपत्रको उद्देश्यअनुरुप सङ्कलित गोलिया काठमध्ये अधिकांश काठ चिरान गरी सर्वसाधरणलाई सुपथ मोलमा बिक्री गर्नुपर्नेमा मौज्दातमा रहेको गोलिया काठमध्ये १०.९६ प्रतिशतमात्रै चिरान काठ उत्पादन गरेको तथा १५.७६ प्रतिशत गोलिया काठ बिक्री गरी ३ लाख २७ हजार (९०.७० क्यू.फि). गोलिया काठको स्टक राखेको पाइयो । नीतिगत त्रुटिले कम्पनीको मुनाफामा नकारात्मक असर परेको छ ।

१०.३. सार्वजनिक खरीद ऐन, २०६३ तथा सो को नियमावली, २०६४ को प्रावधानहरु अनुरुप स्थिर सम्पत्ति खरिद गर्नु अघि सोको लागत मोलको आँकलन, बजार भाउको समुचित अध्ययन, विश्वसनीय बिक्रेताको पहिचान तथा सो स्थिर सम्पत्तिको गुणस्तर आदिको अध्ययन नै नगरी ससाना बिक्रेताबाट तीन दरभाउपत्र लिई रु.७२ लाखको विभिन्न स्थिर सम्पत्तिको खरिद गरेको उक्त ऐनको प्रावधानहरु विपरीत रहेको पाइयो ।

११. **समर्थनपत्र-** असुल फछ्र्यौट गर्न बाँकी रु.३ करोड ५ लाख तथा पेश्की, सापटी धरौटी तथा असुल गर्न बाँकी रु.१८ करोड ८४ लाख समेत रु.२१ करोड ८९ लाखको नामसहितको वर्षानुक्रमको विवरण तथा सम्बन्धित पक्षहरुबाट मौजदात समर्थनपत्र नलिएकोले सो असुलीको यथार्थ स्थिति यकिन गर्न सकिएन ।

१२. **हिसाब मिलान -** केन्द्रीय कार्यालय तथा शाखाहरुबीचको आवधिक रुपमा हिसाब मिलान नगरेकोले विगत १० वर्षदेखि हालसम्मको लिनुपर्ने रु.३२ करोड ८८ लाख तथा दिनुपर्ने रु.३२ करोड ६७ लाखको शाखा हिसाब मिलान भएको छैन ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ ११० निकायमा रु.३० करोड ९४ लाख १४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६८ लाख ५३ हजार फछ्र्यौट गरेकोले रु.३० करोड २५ लाख ६१  हजार बांकी रहेको छ। सोमध्ये रु.६ करोड ३९ लाख ६८ हजार पेश्की बाँकी रहेको छ।
  - संगठित संस्था, अन्य संस्था र समिति ३८ तर्फ रु.४ करोड ३६ लाख ७३ हजार बेरुजू देखिएकोमा फछ्र्यौट भएको छैन। सोमध्ये रु.२ लाख ७५ हजार पेश्की बाँकी रहेको छ।